नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
# हुलाक निर्देशनालय

पोखरा, नेपाल

पत्र संख्या: २०८३/०८४
च.नं.: 62

मितिः २०८३/०६/०९
ने.सं.:-११४६

विषयः- जानकारी पठाइएको बारे।

श्रीमान् महानिर्देशकज्यू,
हुलाक सेवा विभाग,
बबरमहल, काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा मिति २०८३/०६/०८ गते यस निर्देशनालयका निर्देशकको अध्यक्षता/संयोजनमा गण्डकी प्रदेश अन्तर्गतका सबै जिल्ला हुलाक कार्यालयका प्रमुख/प्रतिनिधिसँग भर्चुवल (गुगल मिटमा) बैठक वसी यसैसाथ संलग्नबमोजिम निर्णय भएकोले निर्णयको प्रतिलिपी संलग्न राखी श्रीमान् महानिर्देशकज्यूको जानकारीको लागि पठाइएको ब्यहोरा अनुरोध छ।

(नेत्रप्रसाद पौडेल)
हुलाक निर्देशक

बोधार्थः
श्री जिल्ला हुलाक कार्यालय (सबै),
गण्डकी प्रदेश ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
हुलाक निर्देशनालय
पोखरा

आज मिति २०८३ साल असोज ०८ गते बिहीबारका दिन हुलाक निर्देशनालय, पोखराका हुलाक निर्देशक श्री नेत्रप्रसाद पौडेलको अध्यक्षतामा यस निर्देशनालय अन्तर्गतका तपसिल वमोजिमका जिल्ला हुलाक कार्यालयका प्रमुखहरूको अनलाइन (भर्चुअल) उपस्थितिमा बैठक वसी देहाय अनुसारका निर्णयहरू गरियो।

उपस्थितिः

हुलाक निर्देशक श्री नेत्रप्रसाद पौडेल, हुलाक निर्देशनालय, पोखरा

शाखा अधिकृत श्री तुलसी आचार्य, हुलाक निर्देशनालय, पोखरा

हुलाक अधिकृत श्री नविन अधिकारी, जिल्ला हुलाक कार्यालय, मुस्ताङ

हुलाक अधिकृत श्री रमेश थापा, जिल्ला हुलाक कार्यालय, म्याग्दी

हुलाक अधिकृत श्री विनोद प्रसाद गैरे, जिल्ला हुलाक कार्यालय, गोखरा

हुलाक अधिकृत श्री दुर्गा प्रसाद शर्मा, जिल्ला हुलाक कार्यालय, बाग्लुङ

हुलाक अधिकृत श्री गुरूप्रसाद मरासिनी, जिल्ला हुलाक कार्यालय, स्याङजा

हुलाक अधिकृत श्री शिरिष उपाध्याय, जिल्ला हुलाक कार्यालय, तनहुँ

हुलाक अधिकृत श्री श्याम बिक्रम न्यौपाने, जिल्ला हुलाक कार्यालय, लमजुङ

हुलाक अधिकृत श्री ठानेश्वर सापकोटा, जिल्ला हुलाक कार्यालय, न.व.सु. पूर्व

नायव सुव्बा श्री विनिता शर्मा, जिल्ला हुलाक कार्यालय, पर्वत

खरिदार श्री दिनेश गुप्ता, जिल्ला हुलाक कार्यालय, मनाङ

२०८३/०६/०८

हुलाक निर्देशक

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

हुलाक सेवा विभाग

# हुलाक निर्देशनालय, पोखरा

हुलाक निर्देशनालय, पोखरा तथा अन्तर्गतका जिल्ला हुलाक कार्यालयका कार्यालय प्रमुख/ प्रतिनिधिहरूको संयुक्त बैठक

मितिः २०८३।०६।०८ गते, विहीबार

निर्णयहरू

१. हुलाक निर्देशनालय, पोखरा तथा गण्डकी प्रदेश अन्तर्गतका जिल्ला हुलाक कार्यालय वा अन्तर्गत रिक्त रहेका हुलाकी तथा हल्काराहरूमध्ये सम्बन्धित कार्यालयको आवश्यकताको आधारमा रिक्त पदहरू करारमा पदपूर्ति गर्नुपर्ने भएमा हुलाक सेवा विभागबाट जारी भएको करार कर्मचारी छनोट सम्बन्धी (नमुना) मार्गदर्शन, २०८३ बमोजिमको कर्मचारी छनोट समितिको बैठकबाट आवश्यक निर्णय तथा प्रक्रिया पूरा गरी स्वच्छ, निष्पक्ष र पारदर्शी रूपमा इच्छुक आवेदकहरूबीच प्रतिस्पर्धा गराइ पदपूर्ति गर्न तत्काल सूचना प्रकाशन गर्ने । सम्बन्धित कार्यालयलाई थप जनशक्ति आवश्यकता नभएमा कार्यालयको विद्यमान जनशक्तिबाटै प्रभावकारी रूपमा सेवा प्रवाह गर्ने । हुलाकी/ हल्कारा आवश्यक रहे नरहेको सम्बन्धमा सम्बन्धित कार्यालयले नै निर्णय गर्ने ।

२. कतिपय कार्यालयहरूमा हुलाक/हल्काराको दरबन्दी रिक्त रहेको, कामको चापले तत्काल करारमा पदपूर्ति गर्नुपर्ने तर करार सेवाशुल्क शीर्षकमा रिक्त दरबन्दी पदपूर्ति गरी तलबभत्ता भुक्तानी गर्न पर्याप्त बजेट नभएकोले करार सेवा शुल्क शीर्षकमा आवश्यक बजेट रकमान्तरको लागि हुलाक सेवा विभागमा लेखी पठाउने ।

३. हुलाक निर्देशनालय र गण्डकी प्रदेशका सबै जिल्ला हुलाक कार्यालयहरूबाट दुई के.जी.सम्मको साना प्याकेट नियमानुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पठाउने कार्य प्रारम्भ गर्ने, सोका लागि पठाउने व्यक्तिको स्पष्ट पहिचान खुल्ने विवरण राख्ने, पठाउने व्यक्तिले निषेधित/ गैरकानूनी वस्तु नपठाएको स्व: घोषणा गर्न लगाउने ।

४. हुलाक निर्देशनालय र गण्डकी प्रदेश अन्तर्गतका हुलाक कार्यालयहरूको समन्वय, सहजीकरण तथा अनुभव आदानप्रदान कार्यलाई निरन्तरता दिने । सेवाप्रवाहलाई अझै सरल, छरितो, झन्झटरहीत बनाउने । हुलाक सेवाको प्रवर्द्धन गर्ने ।

२०८३।०६।०८

हुलाक निर्देशक